नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाडौं, नेपाल।

## चुमचेत स्यार खोला जलविद्युत आयोजना ४५ मेगावाट सम्वन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९)

गण्डकी प्रदेश, गोरखा जिल्लाको चुमनुव्री गाउँपालिकाको वडा नं. ५ र ६ मा आयोजना रहने गरी स्यार खोलाको पानीलाई उपयोग गर्दै नदीको प्रवाहमा आधारित (Run of River) ४५ मेगावाट क्षमताको चुमचेत स्यार खोला जलविद्युत आयोजना निर्माण गर्न चिलिमे जलविद्युत कम्पनी लिमिटेडबाट विद्युत उत्पादनको अनुमतिपत्र पाउनको लागि दरखास्त पेश भएकोले विद्युत ऐन, २०४९ को दफा ४ तथा विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि नेपाल सरकार, श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (सचिवस्तर) को मिति २०८१/०१/०६ को निर्णयानुसार वन तथा वातावरण मन्त्रालयमा स्वीकृतको लागि सिफारिस गरि पठाईएको यस आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन (Environmental Impact Assessment) प्रतिवेदन तथा आयोजनाको पछिल्लो विस्तृत आयोजना अध्ययन प्रतिवेदन (Detailed Project Report, June 2023) अनुसार आयोजना सम्बन्धी तपशिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावित आयोजना निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र विद्युत विकास विभाग वा उक्त कम्पनीको कार्यालयमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आयोजना सम्बन्धी विवरणहरु:**

१. चिलिमे जलविद्युत कम्पनी लिमिटेड २०५२ सालमा स्थापित विद्युत उत्पादन गर्ने संस्था हो । यो कम्पनी प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो ।

२. चुमचेत स्यार खोला जलविद्युत आयोजनाको डिजाइन बहाव (Design Discharge) १३.८५ घनमिटर प्रति सेकेण्ड तथा कुल हेड (Gross Head) ३८२ मि. एवं जडित क्षमता ४५ मे.वा. हुनेछ । आयोजनाबाट वार्षिक सरदर २५३.१ गिगावाट घण्टा (GWh) विद्युतिय उर्जा उत्पादन हुनेछ ।

३. आयोजना स्थलको भौगोलिक सिमाना निम्नानुसार कायम गरिएको छ ।
अक्षांश: उत्तर २८°२६'२५" देखि उत्तर २८°२८'३०" सम्म
देशान्तर: पूर्व ८४°५४'३०" देखि पूर्व ८४°५७'३२" सम्म

४. यस आयोजनाका मुख्य भौतिक संरचनाहरू चुमनुव्री गाउँ पालिकाको स्यार खोलाको दायाँ किनार मा रहनेछन । आयोजनाको लागि आवश्यक पानी लिनको लागि १५.५ मि. लम्बाइ र ८.५ मि. उचाइ भएको बाँध (Weir) निर्माण गरिनेछ र उक्त बाँधको Crest Level समुद्री सतहबाट २०३० मिटर उचाईमा रहनेछ । बाँधमा दुइटा Under Sluice ४ मि. x ४ मि. आकारको रहनेछ । बाँधको दायाँपट्टी दुई वटा Orifice भएको ५ मि. x २.५ मि. आकारको Side Intake रहनेछ । Side Intake बाट १.५ मि. x २.० मि. (चौ. x उ.) को Gravel Trap हुँदै पानीलाई ३४.४ मि. लम्बाई भएको २ वटा Approach Tunnel मार्फत दुई वटा Bay भएको ७८.० मि. x १०.० मि. आकार भएको भूमिगत Settling Basin मा पुर्‍याईनेछ । Settling Basin को अन्त्यमा ६८.१० मि. लम्बाई. ३.६ मि. चौडाई र ३.७५ मि. उचाई भएको २ वटा Connecting Tunnel रहनेछ ।
Connecting Tunnel पचात ४९३२.३७ मि. लम्बाई, ३.७० चौडाई र ३.७५ मि. उचाई भएको हेडरेस टनेल हुनेछ । हेडरेस टनेल पश्चात ६ मि. व्यास र ४६.५ मि. उचाई भएको सर्ज साफ्ट हुनेछ । सर्ज साफ्ट पश्चात २.० मि. व्यासको ७२५ मि. लम्बाई भएको पेनस्टक पाईप रहनेछ । तत्पश्चात ६०.२० मि. x १४.६० मि. x ३५.६० मि. आकार भएको भूमिगत विद्युतगृहमा रहेको टर्वाइनमा पानीलाई खसालिनेछ । विद्युत गृहमा ३ x १५ मेगावाट क्षमताको Vertical Axis Pelton Turibne र सो सँग Coupled गरिएका ३ x १७.६५ MVA क्षमताको जेनेरेटर रहनेछन् । Turbine को Center Level १६४८ मि. masl रहनेछ । अन्त्यमा, ३९० मि. लम्बाई ३.६ मि x ३.७५ मि. आकार भएको Tailrace Tunnel मार्फत पुनः स्यार खोलामा पानी फर्काइनेछ । टेलरेसको पानीको Outlet Water level समुद्री सतहबाट १६४१.४९ मि. उचाईमा हुनेछ । यसरी उत्पादित ऊर्जालाई २२० के.भी. सिङ्गल सर्किट विद्युत प्रसारण लाइन मार्फत बुढी गण्डकी प्रोक जलविद्युत आयोजनाको स्वीचिङ्ग स्टेशमा जोडिने छ । तत्पश्चात बुढी गण्डकी प्रोक जलविद्युत आयोजना, बुढी गण्डकी प्रोक-१ जलविद्युत आयोजना र चुमचेत स्यारखोला जलविद्युत आयोजनाबाट उत्पादित ऊर्जालाई ७० किलो मिटर लामो एकिकृत २२० के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन मार्फत लापाङ् बिहारथोक सवस्टेसनमा जोडीनेछ ।

५. आयोजनाको बाँध भन्दा तल तथा विद्युतगृह भन्दा माथिको खण्डमा पाइने जिवजन्तु, जलचर तथा बोट बिरूवाको लागि आवश्यक पर्ने न्युनतम पानी नेपाल सरकारको श्री वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत हुने वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment) प्रतिवेदनमा उल्लेख गरिए बमोजिम अविच्छिन्न रूपमा तल्लो तटीय क्षेत्रमा छाड्न चिलिमे जलविद्युत कम्पनी लिमिटेडले प्रस्ताव गरेको छ ।

६. यो आयोजनाबाट १८ मे २०२९ मा विद्युत उत्पादन हुने प्रस्ताव गरिएको छ ।

७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन २०४९ को दफा २४ बमोजिम भूक्षय, वायु प्रदूषण आदि द्वारा वातावरणमा उल्लेखित प्रतिकूल असर नपर्ने गरि आयोजनाको स्वीकृत हुने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार गर्न लगाइनेछ ।

**आयोजनाको विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना:**

| | |
|---|---|
| **श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेड**<br>चक्रपथ, काठमाडौं ।<br>फोन नं. ०१-४३७०७७३/०१-४३७०७९३ | **श्री विद्युत विकास विभाग**<br>सानो गौचरण, काठमाडौं ।<br>फोन नं. ०१-४५३४११९/०१-४५११५३७ |